# सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक

२०८१

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

सिंहदरबार, काठमाडौं।

**विषय-सूची** **पृष्ठ**


| | |
|---|---|
| १. विधेयकको उद्देश्य र कारण | १ |
| २. आर्थिक टिप्पणी | २ |
| ३. प्रत्यायोजित व्यवस्थापन | ३ |
| ४. व्याख्यात्मक टिप्पणी | ४-९ |
| ५. विधेयक | १०-१८ |

# उद्देश्य र कारण

मुलुकको सार्वजनिक प्रशासनलाई आम नागरिकको चाहना बमोजिम जनमुखी, जवाफदेही र पारदर्शी बनाई सेवाग्राहीलाई छिटो छरितो रुपमा सार्वजनिक सेवा प्रवाह गरी सुशासनको प्रत्याभूति गर्न आवश्यकता महसुस गरी राज्यको प्रशासनिक प्रणालीलाई आम नागरिकको अपेक्षा र चाहना अनुरुप सुव्यवस्थित, कार्यात्मक, नतिजामुखी, प्रभावकारी र सेवाग्राही केन्द्रित बनाउन र नवीन प्रविधिको प्रयोग मार्फत सार्वजनिक सेवा प्रवाहलाई आम नागरिकको बदलिँदो अपेक्षा बमोजिमको बनाउनका लागि सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित कतिपय ऐनका प्रावधान तत्काल संशोधन गर्नुपर्ने आवश्यकता महसुस गरिएकोले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, स्वास्थ्य बीमा ऐन, २०७४ लगायतका बाह्र वटा ऐनहरुमा रहेका कतिपय प्रावधानलाई संशोधन गर्ने गरी "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक" पेस गरिएको छ। यो विधेयकको मुख्य उद्देश्य नागरिकलाई द्रुत, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गर्ने तथा इ-गभर्नेन्सको अवधारणा बमोजिम प्रविधिको प्रयोग मार्फत सेवाप्रवाहलाई सहज, छिटोछरितो र पहुँचयोग्य बनाउने रहेको छ।

(केपी शर्मा ओली)
प्रधानमन्त्री

## आर्थिक टिप्पणी

सुशासन प्रवर्धन र सार्वजनिक सेवा प्रवाहमा रहेका कतिपय जटिलता र समस्यालाई सम्बोधन गर्दै सार्वजनिक सेवा प्रवाहमा थप प्रभावकारीता ल्याउन प्रचलित कानूनमा रहेका कतिपय प्रावधानहरुमा तत्काल संशोधन गर्न आवश्यक देखिएकोले सुशासन प्रवर्धन र सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गरिएको। उक्त अध्यादेश संघीय संसदबाट स्वीकृत भएकोले उक्त अध्यादेशलाई प्रतिस्थापन गर्न तयार पारिएको "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१" संघीय संसद समक्ष पेस गरेको छु।

विधेयकमा भएका व्यवस्थाको आधारमा देहाय बमोजिमको आर्थिक टिप्पणी पेश गरेको छुः-

(क) गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति वा परिचयपत्र प्राप्त गर्ने नेपाली मूलको विदेशी नागरिक वा निजको परिवारलाई दश वर्षसम्मको गैरआवासीय निःशुल्क भिसा उपलब्ध गराइनेछ। हाल पनि गैरआवासीय भिसा दिने व्यवस्था रहेकोमा यसले अतिरिक्त आर्थिक दायित्व सिर्जना हुने छैन।

(ख) नागरिकलाई प्रत्यक्ष र शीघ्र सेवा प्रवाहमा पहुँच दिन नागरिक एप बनाई प्रयोगमा ल्याउने प्रावधान राखिएकोमा सो एपको विकास गरी पूर्ण रुपमा कार्यान्वयन गर्नका लागि नेपाल सरकारमा थप आर्थिक दायित्व पर्ने देखिन्छ।

(ग) सङ्घ, प्रदेश र स्थानीय तहका सार्वजनिक सेवा प्रवाह गर्ने निकायले कम्प्युटरीकृत सूचना प्रविधिलाई नागरिक एपसँग अन्तरआबद्धता गरी प्रयोगमा ल्याउनुपर्ने भएको हुँदा तीनै तहको सरकारले आफ्नो स्रोत र साधनको उपलब्धताको आधारमा व्यवस्थापन गर्न सक्नेछ।

(घ) नियमित रोजगारीमा रहेका श्रमिकको अनिवार्य अवकाशको उमेर अन्ठाउन्न वर्षबाट साठी वर्ष कायम गरिएकोमा श्रमिकको तलव, भत्ता लगायतको सुविधाको व्यवस्थापन श्रमिकलाई उक्त रोजगारी प्रदान गर्ने निकायबाट नै गर्नुपर्ने देखिन्छ।

(ङ) प्रथम सेवा विन्दुको प्रयोजनका लागि प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सेवा प्रदायक स्वास्थ्य संस्था रहने गरी स्वास्थ्य बीमा बोर्डले सम्झौता गर्नुपर्ने व्यवस्था गरिएकोमा कतिपय स्थानमा स्वास्थ्य सेवा संस्था सञ्चालनमा रहेका छन् भने केही स्थानमा गर्नुपर्ने हुँदा सोको व्यवस्थापनको लागि थप आर्थिक दायित्व पर्न सक्ने देखिन्छ। तर यसबाट आम नागरिकलाई प्राप्त हुने लाभको तुलनामा आर्थिक भार नगण्य हुने अनुमान गर्न सकिन्छ।

(च) सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रयोजनका लागि नेपाल सरकारले राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेकोमा हाल पनि राष्ट्रिय परिचयपत्र नम्बर जारी गर्ने व्यवस्था कार्यान्वयनमा नै रहेकोमा अतिरिक्त आर्थिक दायित्व सिर्जना हुने छैन भने सामाजिक सुरक्षा भत्ता वितरणमा हुन सक्ने दोहोरोपना अन्त्य हुने र राज्यको ठूलो धनराशि बचत हुने देखिन्छ।

(छ) योगदानमा आधारित निवृत्तभरण प्रणालीमा शिक्षक सेवा समावेश गरिएकोमा नेपाल सरकारलाई केही आर्थिक दायित्व थप हुने र शिक्षकहरु उक्त प्रणालीमा आबद्ध भई लाभ पाउन सक्ने देखिन्छ।

(केपी शर्मा ओली)
प्रधानमन्त्री

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था, त्यसको प्रकृति र सीमा तथा त्यसबाट पर्न सक्ने प्रभाव सम्बन्धी टिप्पणी तलको तालिकामा प्रस्तुत गरिएको छ।

| **क्र.सं.** | **विधेयकको दफा/ उपदफा** | **प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था** | **प्रत्यायोजित व्यवस्थापनको प्रकृति र सीमा** | **प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव** |
|---|---|---|---|---|
| १. | दफा ३ को उपदफा (७) | नागरिक एपको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | नागरिक एपको प्रयोग सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिने | नागरिक एपको प्रयोग मार्फत नागरिकलाई प्रत्यक्ष र शीघ्र सेवा प्रदान गर्न सहज हुने |

## व्याख्यात्मक टिप्पणी

### १. पृष्ठभूमिः

विधेयकका सम्बन्धमा संसदीय काम कारबाही तथा समितिमा हुने छलफल प्रक्रियालाई दिशा निर्देश गर्न तथा त्यस्तो छलफल र बहस प्रक्रियालाई स्पष्ट, संक्षिप्त र अर्थपूर्ण बनाउन सहयोग पुग्ने उद्देश्यले यो व्याख्यात्मक टिप्पणी तयार गरिएको छ।

### २. व्याख्यात्मक टिप्पणीको उद्देश्य र प्रयोजनः

देहायको उद्देश्य र प्रयोजनको लागि यो विधेयकमा रहेका प्रत्येक दफाको व्याख्यात्मक टिप्पणी तयार गरिएको छः

- विधेयकको अवधारणा संघीय संसदलाई बोध गराउन,
- विधेयकको सम्बन्धमा हुने छलफलको लागि विधेयकको प्रत्येक दफामा अन्तरनिहित अर्थ र अभिप्राय उपलब्ध गराउन,
- प्रत्यायोजित विधायन बनाउनुपर्ने विषयहरुको आवश्यक जाँचमा सहयोग पुऱ्याउन,
- विधेयकको आवश्यकता र महत्वको विषयमा सरोकारवाला तथा सर्वसाधारणलाई जानकारी दिन तथा सूचित गर्न,
- अदालत, कानून व्यवसायी तथा कानून कार्यान्वयन गर्ने निकाय तथा अधिकारीहरुलाई कानूनको कार्यान्वयन र व्याख्यामा सहयोग पुऱ्याउन।

### ३. व्याख्यात्मक टिप्पणीः

विधेयकको दफा शीर्षकको आधारमा प्रत्येक दफाको व्याख्या र त्यसको कार्यान्वयनबाट प्राप्त हुने उपलब्धिलाई बुँदागत रुपमा उल्लेख गरिएको छ। यो टिप्पणी तयार गर्दा विधेयकको दफा तथा उपदफामा रहेको व्यवस्था र त्यसमा अन्तरनिहित उद्देश्य, अर्थ र अभिप्रायलाई बुझ्न सहज हुने गरी दफा शीर्षकको आधारमा व्याख्यात्मक टिप्पणी प्रस्तुत गरिएको छः

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी (उद्देश्य र अभिप्राय) |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई तत्काल संशोधन गर्न तयार भएको यो विधेयकको नाम सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह |

| | | |
|---|---|---|
| | | सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक,२०८१" रहेको छ,<br>र यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ। |
| २ | गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ मा संशोधन | नेपालको संविधानले गैरआवासीय नेपाली नागरिकलाई प्रदान गरेको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण तयार गरी आर्थिक र सामाजिक क्षेत्रमा गैरआवासीय नेपाली नागरिकको योगदान वृद्धि गर्न,<br>विदेशमा बस्दा रहँदा आर्जन गरेको धन नेपालभित्र खर्च गर्न सक्ने र ब्यवसायमा समेत लगानी गर्न सक्ने भएकोले देशको आर्थिक विकासमा सहयोग पुऱ्याउन। |
| ३ | सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा संशोधन | नेपाल सरकारले अधिकार प्रत्यायोजन गरेबमोजिम विषयगत मन्त्री वा मन्त्रीले अधिकार प्रत्यायोजन गरेबमोजिम नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतबाट सम्पादन हुन सक्ने गरी गरिएको ब्यवस्थाले नेपाल सरकारको निर्णय गर्ने क्रममा विभिन्न चरणमा हुने प्रक्रियागत ढिलाई कम हुन गई सरकारको कार्यसम्पादनमा प्रभावकारीता अभिबृद्धि गर्न,<br>कार्यसम्पादन गर्नुपर्ने जिम्मेवारीमा रहेका सार्वजनिक पदाधिकारीले समयमै काम नगर्ने र काम पन्छाउने प्रवृत्तिलाई निरुत्साहित गरी कानून बमोजिम आफूले सम्पादन गर्नु पर्ने काम वा निर्णय तोकिएको समयमा र छिटो छरितो रुपमा सम्पन्न गर्ने गरी कामप्रति थप जिम्मेवार र जवाफदेही बनाउन,<br>आम नागरिकलाई कम समयमा र विना झन्झट सहज रुपमा सार्वजनिक सेवा प्रवाह गर्नका लागि सूचना प्रविधिको उच्चतम प्रयोग गरी त्यस्तो प्रणालीलाई नागरिक एपसँग अन्तरआबद्धता गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन, |

| | | |
|---|---|---|
| | | आन्तरिक दिग्दर्शन बनाई सरकारका कामकारवाही छिटो, छरितो र मितव्ययी रुपमा सञ्चालन गर्न। |
| ४ | घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा संशोधन | तेजाव सम्बन्धी कसूरलाई गम्भीर कसूरको रुपमा तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ ले सम्बोधन गरिसकेकोले त्यस्तो गम्भीर प्रकृतिको कसुरलाई घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा राखी सामान्यिकरण गर्न उपयुक्त नभएकोले तेजावसँग सम्बन्धित व्यवस्था यस ऐनबाट हटाउन आवश्यक देखिएको। |
| ५ | कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० मा संशोधन | कानूनबमोजिम जफत हुनुपर्ने जग्गा सरकारलाई प्राप्त हुन आएपनि विभिन्न कारणबश त्यस्तो जग्गा सरकारी वा सार्वजनिक कामका लागि अनुपयोगी र अनुपयुक्त हुने प्रकृतिका जग्गा भएमा र सो जग्गा जग्गाधनीलाई नै बढी उपयोगी हुने भएमा त्यस्तो जग्गाको वदलामा सरकारलाई नगद नै प्राप्त हुँदा जग्गाको अतिखण्डीकरण रोकिनुका साथै नागरिकको सम्पत्ति उपभोग गर्ने कार्यमा समेत सहजीकरण पुऱ्याउन,<br><br>नेपाल सरकारको नाममा प्राप्त हुनुपर्ने कसूरजन्य सम्पत्ति वा साधन व्यवस्थापन तथा लिलाम बिक्री गर्ने सम्बन्धमा भएका असहजताहरुलाई सम्बोधन गरी त्यस्ता कार्य सम्पादन गर्नुपर्ने भएकोले विभागलाई अदालतलाई भए सरहको अधिकार प्रदान गरी अधिकार सम्पन्न बनाई सम्पत्ति वा साधनको व्यवस्थापन तथा लिलामबिक्री गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउन। |
| ६ | श्रम ऐन, २०७४ मा संशोधन | दक्ष, सीपयुक्त र अनुभवी श्रमिकलाई साठी वर्षको उमेरसम्म काममा लगाउँदा औद्योगिक वा व्यवसायिक प्रतिष्ठानको उत्पादन र उत्पादकत्व वृद्धि गर्न तथा रोजगारदाता र श्रमिक दुवैलाई लाभदायी अवस्थामा पुऱ्याउन |

| | | |
|---|---|---|
| ७ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा संशोधन | स्थानीय तहका अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख दुवै वा वडाध्यक्ष निलम्बनमा हुंदा वा त्यस्तो पद कुनै कारणले रिक्त हुँदा पनि नागरिकले स्थानीय तहबाट प्राप्त गर्नुपर्ने सेवा, सुविधा लगायतका सेवा प्रवाह नियमित र सहज रुपमा उपलब्ध गराउन। |
| ८ | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधनः | चेक अनादरको जरियाबाट उठेको बैंकिङ्ग कसुर, आपराधिक विश्वासघात वा आपराधिक लाभ समेतका मुद्दामा जुनसुकै तहमा विचाराधीन रहेको वा फैसला कार्यान्वयन गर्दाको अवस्थामा पनि मिलापत्र हुन सक्ने व्यवस्थाको कारण पक्षहरु बीच सम्बन्धमा सौहार्दता कायम रहने, सामाजिक सद्भाव कायम हुने, विवादको स्थायी समाधान हुने र फैसला कार्यान्वयनमा समेत प्रभावकारिता हुने,<br><br>पुनरावेदन गर्दा ठूलो धनराशि धरौट वा जमानतमा राख्नुपर्दा कतिपय व्यक्तिहरु गरिवी वा आर्थिक अभावका कारण त्यस्तो धरौट वा जमानत राख्न नसकेको अवस्थामा कैदमा नै बसी पुनरावेदन गर्नुपर्ने, पुनरावेदन तहमा फैसला हुन लामो समय लागेमा कैदमा नै बसिरहनुपर्ने भएकोले मुद्दाको अन्तिम किनारा लागेपछि फैसला बमोजिम हुने नै हुँदा आम नागरिकको न्यायमा पहुँच स्थापित गर्नका लागि एकतह पुनरावेदन गर्न पाउने नागरिकको हकको संरक्षण गर्न,<br><br>स-साना प्रकृतिका मुद्दाहरुमा व्यक्तिलाई कैदमा नै बस्नुपर्ने अवस्थालाई संशोधन गरी कैदबापत नगद रकम तिरी बाहिर रहन पाउने व्यवस्था गर्न,<br><br>रोक्का, कब्जा वा नियन्त्रणमा लिइएको सवारी साधन त्यसै थन्किएर रहने र थन्किएका सवारी साधन बिग्रने र चल्नै नसक्ने अवस्थामा पुगी सम्पत्तिको क्षति हुने भएकोले मुद्दाको अन्तिम किनारा लाग्दा अदालतको आदेश बमोजिम हुने नै हुँदा त्यस्ता सवारी साधनलाई तत्काल प्रयोगमा ल्याउँन मिल्ने |

| | | |
|---|---|---|
| | | गरी राखिएको कानूनी व्यवस्थाले रोक्का, कब्जा वा नियन्त्रणमा लिइएका सवारी साधनको प्रयोग वा उपयोगका लागि सहजीकरण गर्न। |
| ९ | स्वास्थ्य बीमा ऐन, २०७४ मा संशोधन | आम नागरिकले स्वास्थ्य बीमा बमोजिमको सुविधा सम्बन्धित स्थानीय तहको प्रथम सेवा विन्दुबाटै छिटो, छरितो र सरल रुपमा उपलब्ध गराउन,<br>कार्यकारी निर्देशकको पद रिक्त रहेको अवस्थामा पनि सेवा प्रवाहलाई नियमित गर्नका लागि वैकल्पिक व्यवस्था गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन। |
| १० | सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधन | सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रयोजनका लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गर्दा सामाजिक सुरक्षा भत्ता वितरणमा हुन सक्ने दोहोरोपना अन्त्य हुने र राज्यको ठूलो धनराशि बचत हुन्छ। |
| ११ | अपराध पीडित संरक्षण ऐन, २०७५ मा संशोधन | क्षतिपूर्ति रकम प्राप्त गर्न नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम प्राप्त गर्ने नजिकको हकवाला स्पष्ट गर्न। |
| १२ | निवृत्तभरण कोष ऐन, २०७५ मा संशोधन | हालसम्म योगदानमा आधारित निवृत्तभरण प्रणालीमा शिक्षक सेवा समावेश नहुँदा ठूलो सङ्ख्यामा रहेका शिक्षकहरु उक्त अवसरबाट वञ्चित हुन सक्ने भएकोले शिक्षक सेवालाई उक्त प्रणालीमा आबद्ध भई लाभदायी बनाउन। |
| १३ | योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ मा संशोधन | विदुषी योगमायाले गरेको सामाजिक योगदानको स्मरण हुने गरी योगमाया आयुर्वेद विश्वविद्यालयको नाम "**विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय**" परिमार्जन गर्न,<br>विश्वविद्यालयभित्र उच्च कार्यसम्पादन स्तर कायम राख्न र अनुशासन पालना नगर्ने पदाधिकारीलाई पदबाट हटाई कार्यसम्पादनमा सहजता ल्याउने र उक्त विश्वविद्यालय |

| | | |
|---|---|---|
| | | सञ्चालनको क्रममा रहेका केही जटिलतालाई सम्बोधन गरी सहज रुपमा विश्वविद्यालय सञ्चालन गर्न। |

## <u>सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावनाः</u>** सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ मा संशोधनः</u>** गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को,-

(१) दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "गैरआवासीय नेपाली" भन्नाले देहायको व्यक्ति सम्झनु पर्छः-

(१) गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति,

(२) नेपाली मूलको विदेशी नागरिक,

(३) विदेशमा बस्ने नेपाली नागरिक।"

(ख) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) "गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति" भन्नाले कानून बमोजिम गैरआवासीय नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ।"

(२) दफा ११ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः

"(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा बसोबास गर्ने गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्ति वा परिचयपत्र प्राप्त नेपाली मूलको विदेशी नागरिक वा निजको परिवारलाई दश वर्षसम्मको गैरआवासीय नेपाली भिसा निशुल्क उपलब्ध गराइनेछ।"

(ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि गैरआवासीय नेपाली नागरिकता प्राप्त व्यक्तिलाई एकपटकमा दुई वर्ष अवधिको बहुप्रवेश सुविधा सहितको आवासीय भिसा निशुल्क उपलब्ध गराइनेछ।"

३. **<u>सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ मा संशोधनः</u>** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को,-

(१) दफा २ को खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छः-

"(च१) "नागरिक एप" भन्नाले दफा ३७क. बमोजिमको नागरिक एप सम्झनु पर्छ।"

(२) दफा ३ पछि देहायको दफा ३क. थपिएको छः-

"३क. <u>**नेपाल सरकारबाट कार्य सम्पादन भएको मानिने:**</u> (१) प्रचलित कानूनमा नेपाल सरकारबाट सम्पादन हुने भनिएका विषयमध्ये देहायका विषय नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट र सो बाहेकका अन्य विषय नेपाल सरकारको कार्यसम्पादन नियमावली वा नेपाल सरकारबाट अधिकार प्रत्यायोजन भए बमोजिम सम्बन्धित मन्त्री वा मन्त्रीले अधिकार प्रत्यायोजन गरे बमोजिम नेपाल सरकारको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतबाट सम्पादन भएकोमा त्यस्तो कार्य नेपाल सरकारबाट सम्पादन भएको मानिनेछः-

(क) प्रचलित कानूनमा नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट सम्पादन हुने भनी उल्लेख भएका विषय,

(ख) नेपाल सरकारको कार्यसम्पादन नियमावली बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्‌मा पेस गर्नु पर्ने विषय,

(ग) प्रचलित कानूनमा नेपाल सरकारमा पुनरावेदन लाग्ने भनी उल्लेख भएका विषय।

(२) उपदफा (१) बमोजिम कार्यसम्पादन गरिने कुनै विषयको सम्बन्धमा अन्य कुनै कानून वा नेपाल सरकारको कार्यसम्पादन नियमावलीले कुनै अधिकारीलाई जिम्मेवारी तोकेको रहेछ भने त्यसरी जिम्मेवारी तोकिएको हदसम्म यस दफा बमोजिम अधिकार प्रत्यायोजन गर्नु पर्ने छैन।"

(३) दफा १५ को,-

(क) उपदफा (१) मा रहेका "निर्णय गर्नु पर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उपयुक्त ठहऱ्याएको समयावधिभित्र" भन्ने शब्दहरूको सट्टा "निर्णय गर्नु पर्ने विषयसँग सम्बन्धित सूचना, प्रमाण वा कागजात प्राप्त भएको सात कार्यदिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।

(ख) उपदफा (३) पछि देहायका उपदफा (४), (५) र (६) थपिएका छन्:-

"(४) यस दफा बमोजिम निर्णय नगर्ने वा आफूले निर्णय गर्नु पर्ने विषय निर्णय नगरी पन्छाउने पदाधिकारीलाई देहाय बमोजिमको अधिकारीले चेतावनी दिन सक्नेछः-

(क) कार्यालयका कर्मचारीलाई कार्यालय प्रमुखले,

(ख) कार्यालय प्रमुखलाई विभागीय प्रमुखले,

(ग) विभागीय प्रमुखलाई सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायको सचिवले,

(घ) सचिवलाई मुख्य सचिवले।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि जुन अधिकारीलाई चेतावनी दिनुपर्ने हो सो अधिकारी र चेतावनी  दिने अधिकारी समान तह वा श्रेणीको भएमा एक तह माथिको अधिकारीले चेतावनी दिनेछ र विभागीय सजाय नहुने पदाधिकारीलाई नियुक्ति गर्ने अधिकारीले स्पष्टीकरण माग गर्न सक्नेछ ।

(६) उपदफा (४) र (५) बमोजिम दिएको चेतावनीको अभिलेख राख्नु पर्नेछ र त्यसरी चेतावनी पाउने अधिकारी कर्मचारी भएमा त्यस्तो कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित सुपरिवेक्षक र पुनरावलोकनकर्ताले त्यस्तो अभिलेखलाई समेत आधार मान्नु पर्नेछ।"

(४) दफा २१ को उपदफा (३) मा रहेका “सम्बन्धित मन्त्री” भन्ने शब्दहरूको सट्टा "मुख्य सचिव" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा २३ को उपदफा (२) को खण्ड (छ) को ठाउँ ठाउँमा रहेका "व्यवस्थापिका-संसद" भन्ने शब्दहरूको सट्टा "सङ्घीय संसद" भन्ने शब्दहरू राखिएका छन्।

(६) दफा ३७ को,-

(क) दफा शीर्षकमा रहेका “ल्याउन सकिने” भन्ने शब्दहरूको सट्टा “ल्याउने” भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (१) मा रहेका "ल्याउन सक्नेछन्" भन्ने शब्दहरूको सट्टा "ल्याउनु पर्नेछ" भन्ने शब्दहरू राखिएका छन्।

(७) दफा ३७ पछि देहायको दफा ३७क. थपिएको छः-

"३७क. **<u>नागरिक एप बनाई प्रयोगमा ल्याउनेः</u>** (१) नेपाल सरकारले कम्प्युटर, मोबाइल फोन, ट्याबलेट वा यस्तै किसिमका अन्य विद्युतीय उपकरण मार्फत नागरिकलाई प्रत्यक्ष र शीघ्र सेवा प्रवाहमा पहुँच दिन नागरिक एप बनाई प्रयोगमा ल्याउनेछ।

(२) सङ्घ, प्रदेश र स्थानीय तहका सार्वजनिक सेवा प्रवाह गर्ने मन्त्रालय, संवैधानिक निकाय वा केन्द्रीय, प्रदेश वा स्थानीयस्तरका कार्यालयहरूले आफ्नो स्रोत र साधनको उपलब्धताको आधारमा कम्प्यूटरीकृत सूचना प्रविधिलाई नागरिक एपसँग अन्तरआवद्धता (इन्टरलिङ्क) गरी प्रयोगमा ल्याउनु पर्नेछ।

(३) नागरिक एपको प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(८) दफा ४५ को सट्टा देहायको दफा ४५ राखिएको छः-

"४५. **दिग्दर्शन बनाउन सक्ने:** मन्त्रालयले काम कारबाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययी रुपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यकता अनुसार आन्तरिक दिग्दर्शन बनाई लागु गर्न सक्नेछ।"

४. **घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा संशोधन:** घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को,-

(१) दफा २ को खण्ड (ग) मा रहेका "तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ" भन्ने शब्दहरूको सट्टा "तेजाव बाहेक अन्य रासायनिक पदार्थ" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ५क. को उपदफा (१) मा रहेका "तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ" भन्ने शब्दहरूको सट्टा "तेजाव बाहेक अन्य रासायनिक पदार्थ" भन्ने शब्दहरू राखिएका छन्।

(३) दफा १३ को उपदफा (१) मा रहेका "तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ" भन्ने शब्दहरूको सट्टा "तेजाव बाहेक अन्य रासायनिक पदार्थ" भन्ने शब्दहरू राखिएका छन्।

५. **कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० मा संशोधन:** कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को,-

(१) दफा १७ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जफत गरिएको जग्गाको क्षेत्रफल कम भएको कारण प्रचलित कानून बमोजिम कित्ताकाट हुन सक्ने अवस्था नभएमा वा त्यस्तो जग्गा सार्वजनिक वा सरकारी प्रयोजनको लागि उपयोगमा ल्याउन सकिने अवस्था नभएमा वा समग्र कित्ता जग्गा जफत नभई जग्गाको केही भाग जफत हुने ठहरेकोमा त्यस्तो भाग छुट्याउँदा जग्गा धनीको अन्य भौतिक संरचनामा क्षति वा नोक्सान हुने भएमा वा निकासमा अवरोध हुने भएमा र त्यस्तो जग्गाको धनीले दफा १८ बमोजिम कायम गरिएको मूल्य दिई त्यस्तो जग्गा लिन चाहेमा त्यस्तो मूल्य लिई जग्गा निजलाई छाडिदिन सकिनेछ।"

(२) दफा २६ पछि देहायको दफा २६क. थपिएको छः-

"२६क. **अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्ने:** विभागले यस ऐन बमोजिम सम्पत्ति वा साधन व्यवस्थापन तथा लिलाम बिक्री गर्ने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्न सक्नेछ।"

६. **श्रम ऐन, २०७४ मा संशोधन:** श्रम ऐन, २०७४ को दफा १४७ को ठाउँ ठाउँमा रहेका "अन्ठाउन्न वर्ष" भन्ने शब्दहरूको सट्टा "साठी वर्ष" भन्ने शब्दहरू राखिएका छन्।

७. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा संशोधन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को,-

(१) दफा ११ को उपदफा (२) को खण्ड (न) को उपखण्ड (११) पछि देहायको उपखण्ड (११क) थपिएको छः-

"(११क) एम्बुलेन्स, वारूणयन्त्रको सञ्चालन तथा व्यवस्थापन,"

(२) दफा ११६ को सट्टा देहायको दफा ११६ राखिएको छः-

“११६. **कार्यवाहक भई काम गर्ने:** (१) अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख दुवै निलम्बनमा परेमा वा कुनै कारणले दुवै पद रिक्त भएमा कार्यपालिकाका सदस्यहरूले आफूहरूमध्येबाट छनोट गरेको सदस्यले कार्यवाहक अध्यक्ष, उपाध्यक्ष, प्रमुख वा उपप्रमुख भई काम गर्नेछ।

(२) वडा अध्यक्षको पद कुनै कारणले रिक्त भएमा वा निज निलम्बनमा परेमा वडा समितिका सदस्यहरूले आफूहरूमध्येबाट छनोट गरेको सदस्यले कार्यवाहक वडा अध्यक्ष भई कार्य गर्नेछ।”

८. **मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा संशोधन:** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को,-

(१) दफा ११७ को,-

(क) उपदफा (२) मा रहेका "हानि, नोक्सानी" भन्ने शब्दहरू पछि ", चेक अनादरको जरियाबाट उठेको बैङ्किङ कसुर, आपराधिक विश्वासघात वा आपराधिक लाभ" भन्ने शब्दहरु र सोही उपदफामा रहेका "मनासिब लागेमा" भन्ने शब्दहरू पछि “जुनसुकै तहमा विचाराधीन रहेको वा फैसला कार्यान्वयन गर्दाको अवस्थामा रहेको भए तापनि” भन्ने शब्दहरू थपिएका छन्।

(ख) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः

"(३) उपदफा (२) बमोजिम मिलापत्र भएमा त्यस्तो मुद्दाका सम्बन्धमा फैसला बमोजिम भएको दण्ड, जरिबाना वा शुल्कको लगत कट्टा हुनेछ।"

(२) दफा १२० को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) यस दफा बमोजिम मिलापत्र भएमा त्यस्तो मुद्दाका सम्बन्धमा फैसला बमोजिम भएको दण्ड, जरिबाना वा शुल्कको लगत कट्टा हुनेछ।"

(३) दफा १३७ को,-

(क) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (१) र (२) मा लेखिएको व्यक्ति बाहेक अन्य व्यक्तिले शुरु अदालतमा धरौट वा जमानत जम्मा गरेको रहेछ भने त्यस्तो धरौट वा जमानत रकमको पन्ध्र प्रतिशत थप धरौट वा जमानत जम्मा गरी पुनरावेदन गर्न सक्नेछ।

तर शुरु अदालतले धरौट वा जमानत नराखेको वा सफाइ दिई पुनरावेदन सुन्ने अदालतले कैद गरेकोमा कैद बापतको रकम जम्मा गरी पुनरावेदन गर्न सक्नेछ।"

(ख) उपदफा (६) मा रहेका "छ महिनाभित्र" भन्ने शब्दहरूको सट्टा "एक वर्षभित्र" भन्ने शब्दहरू र "गर्नु पर्नेछ" भन्ने शब्दहरूको सट्टा “गर्न सक्नेछ” भन्ने शब्दहरू राखिएका छन्।

(४) दफा १५५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) पहिलो पटक कसुरदार ठहरी एक वर्ष वा एक वर्षभन्दा कम कैदको सजाय भएको कसुरदारले कैदको सट्टा त्यस्तो कैद बापत रकम लिई कैदबाट छाडिदिन निवेदन दिएमा अदालतले त्यस्तो रकम लिई कैदमा बस्नु नपर्ने गरी आदेश दिनु पर्नेछ।"

(५) दफा १६७ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) चाँडै नासिने वा बिग्रने सम्पत्ति, चौपाया वा सवारी साधन भए त्यस्तो सम्पत्ति, चौपाया वा सवारी साधन लिलाम बिक्री गरी त्यसबाट प्राप्त रकम धरौटी खातामा जम्मा गर्न लगाउने,

तर सवारी साधनको हकमा सवारी धनीले त्यस्तो सवारी साधनको परल मूल्यमा ह्रासकट्टी गरी हुन आएको रकम धरौटी खातामा जम्मा गरेमा त्यस्तो सवारी साधन सम्बन्धित धनीलाई फिर्ता दिनु पर्नेछ।"

९. **<u>स्वास्थ्य बीमा ऐन, २०७४ मा संशोधनः</u>** स्वास्थ्य बीमा ऐन, २०७४ को,-

(१) दफा ९ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) प्रथम सेवा विन्दुको प्रयोजनको लागि प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा सेवा प्रदायक स्वास्थ्य संस्था रहने गरी बोर्डले सम्झौता गर्नु पर्नेछ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि "प्रथम सेवा विन्दु" भन्नाले बिमितले सर्वप्रथम स्वास्थ्य सेवा लिनको लागि बोर्डले तोकेका सरकारी स्वास्थ्य संस्था सम्झनु पर्छ।"

(२) दफा १८ को खण्ड (घ) झिकिएको छ।

(३) दफा २१ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) दफा १८ को खण्ड (क) र (ग) बमोजिमको योग्यता पुगेको,"

(४) दफा २५ को उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) कुनै कारणले कार्यकारी निर्देशकको पद रिक्त भएमा दफा २२ को उपदफा (३) बमोजिम कार्यकारी निर्देशक नियुक्ति नभएसम्मको लागि कार्यकारी निर्देशकको रुपमा काम गर्न मन्त्रालयले मन्त्रालय वा अन्तर्गत बहाल रहेको नेपाल स्वास्थ्य सेवाको कम्तीमा एघारौं तहको कर्मचारीलाई खटाउन सक्नेछ।"

१०. **<u>सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधनः</u>** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) यस दफा बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सो सूचनामा तोकेको क्षेत्रमा तोकिदिएको मितिदेखि लागु हुने गरी राष्ट्रिय परिचय नम्बर अनिवार्य गर्न सक्नेछ।"

११. **<u>अपराध पीडित संरक्षण ऐन, २०७५ मा संशोधनः</u>** अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३७ को सट्टा देहायको दफा ३७ राखिएको छः-

"३७. **पीडितको मृत्यु भएमा क्षतिपूर्ति पाउने**: यस ऐन बमोजिम क्षतिपूर्ति रकम प्राप्त नगर्दै पीडितको मृत्यु भएमा त्यस्तो रकम निजको एकासगोलको पति वा पत्नी, छोरा छोरी वा बाबु आमाले पाउनेछ।"

१२. **निवृत्तभरण कोष ऐन, २०७५ मा संशोधन:** निवृत्तभरण कोष ऐन, २०७५ को दफा ९ को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) नेपाल शिक्षक सेवा,"

१३. **योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ मा संशोधनः** योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ को,-

(१) दफा २ को,-

(क) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) "उपकुलपति" भन्नाले दफा २७ बमोजिमको उपकुलपति सम्झनु पर्छ।"

(ख) खण्ड (ङ) झिकिएको छ।

(२) दफा ७ को,-

(क) उपदफा (२) को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१) राष्ट्रिय योजना आयोगको शिक्षा हेर्ने सदस्य -सदस्य"

(२) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) सचिव, नेपाल सरकारको स्वास्थ्यसम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य"

(३) खण्ड (ज) पछि देहायका खण्ड (ज१) र (ज२) थपिएका छन्: -

"(ज१) शैक्षिक क्षेत्रमा योगदान गरेका व्यक्ति वा आयुर्वेद चिकित्सा विधामा राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा ख्याति प्राप्त विज्ञमध्येबाट विश्वविद्यालय परिषद्‌बाट मनोनीत कम्तीमा एकजना महिला सहित तीन जना - सदस्य

(ज२) शैक्षिक क्षेत्रमा योगदान गरेका व्यक्ति वा आयुर्वेद चिकित्सा विधामा राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा ख्याति प्राप्त विज्ञमध्येबाट यो खण्ड प्रारम्भ भए पछि पहिलो पटकको हकमा अध्यक्षबाट र त्यसपछिको हकमा विश्वविद्यालय परिषद्‌बाट मनोनीत कम्तीमा दुईजना महिला सहित चार जना -सदस्य"

(ख) उपदफा (७) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) उपदफा (२) को खण्ड (ज), (झ), (ञ), (ञ१), (ञ२) र (ढ) बमोजिमका सदस्यको हकमा मान्यताप्राप्त कुनै विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,"

(ग) उपदफा (१०) मा रहेका "उपदफा (२) को खण्ड (ज), (झ), (ञ), (ट), (ठ), (ड) र (ढ) बमोजिम" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) को खण्ड (ज), (झ), (ञ), (ञ१), (ञ२), (ट), (ठ), (ड) र (ढ) बमोजिम" भन्ने शब्दहरू राखिएका छन्।

(घ) उपदफा (११) झिकिएको छ।

(३) दफा ७ पछि देहायको दफा ७क. थपिएको छः-

"**७क. <u>विश्वविद्यालय परिषदका मनोनीत सदस्य पदमुक्त हुने:</u>** (१) देहायको अवस्थामा विश्वविद्यालय परिषद्को मनोनीत सदस्य आफ्नो पदबाट पदमुक्त हुनेछः-

(क) निजको दफा ७ को उपदफा (७) बमोजिमको योग्यता नभएमा वा नरहेमा,

(ख) निजले पदबाट राजीनामा दिएमा,

(ग) निजको मृत्यु भएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा विश्वविद्यालय परिषद्ले त्यस्तो व्यक्तिलाई पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।"

(४) दफा ९ को उपदफा (१) मा रहेका "प्रत्येक तीन महिनामा कम्तीमा एकपटक" भन्ने शब्दहरूको सट्टा "वर्षमा कम्तीमा एकपटक" भन्ने शब्दहरू राखिएका छन्।

(५) दफा २७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) दफा २९ बमोजिमको प्रकृया पूरा गरी अध्यक्षले उपकुलपति नियुक्त गर्नेछ।"

(६) दफा ३१ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) रजिष्ट्रारको नियुक्ति दफा २९ को उपदफा (१) बमोजिमको सिफारिस समितिको सिफारिसमा अध्यक्षबाट हुनेछ।"

(७) लामो नाम, प्रस्तावना, संक्षिप्त नाम र ठाउँ ठाउँमा रहेका "योगमाया आयुर्वेद विश्वविद्यालय" भन्ने शब्दहरूको सट्टा "विदुषी योगमाया हिमालयन आयुर्वेद विश्वविद्यालय" भन्ने शब्दहरू तथा ठाउँ ठाउँमा रहेका "प्रदेश नं. १" भन्ने शब्दहरूको सट्टा "कोशी प्रदेश" भन्ने शब्दहरू र "कुलपति" भन्ने शब्दको सट्टा "उपकुलपति" भन्ने शब्द राखी रुपान्तर गरिएको छ।

१४. **<u>खारेजी र बचाउः</u>** (१) सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको अध्यादेश बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।